त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering

# चितवन इन्जिनियरिङ्ग क्याम्पस
# CHITWAN ENGINEERING CAMPUS

पत्र संख्या : ४६/०७८/१०७६
Ref. No.:

मिति : २०७९।०१।१४

## चौँथो चरणको भर्ना सम्बन्धी सूचना – २०७८

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत आंगिक क्याम्पस चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर, चितवन मा शैक्षिक सत्र २०७८/०७९ मा स्नातक तह आर्किटेक्चर कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना हुन बाँकी १ (एक) सिट संख्यामा भर्ना खोलिएको हुँदा उक्त विषय पढ्न ईच्छुक इ.अ.सं. को प्रवेश परीक्षा २०७८ मा उतिर्ण भएका आवेदक र इ.अ.सं. का आंगिक क्याम्पसहरुबाट झुकाव परीक्षा **(Aptitude Test)** उतिर्ण भएका आवेदकहरुले मिति २०७९/०१/१५ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेभित्र आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

यस क्याम्पसमा भर्ना लक्ष्य पुरा गर्ने प्रकृयामा नियमिति तर्फ सिट रिक्त रहन गएमा यस क्याम्पसमा २०७८ को भर्ना कार्यक्रम अन्तर्गत पहिलो, दोस्रो र तेस्रो चरणको भर्ना सूचीबाट पूर्णशुल्किय तर्फ भर्ना भएका विद्यार्थीहरुले नियमिति तर्फ **Shift** हुन र चौँथो चरणमा भर्ना हुन ईच्छुक आवेदकहरुले समेत उक्त मितिमा आवेदन दिन सक्नेछन् ।

उक्त आवेदन Portal: **www.ioecc.edu.np** बाट भर्न सकिनेछ साथै आवेदकहरुले आवेदन बापतको शुल्क दाखिला गर्दा बैंक भौचरमा नाम, **Entrance Roll No.** र **Rank** अनिवार्य रुपमा उल्लेख गरी भरिएको हुनुपर्नेछ । उक्त बैंक भौचरको scan copy क्याम्पसको Email ID : **admission@ioecc.edu.np** मा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

भर्ना सूची प्रकाशन हुँदा आवेदकले ईच्छाएको प्राथमिकताको आधारमा मात्र नाम प्रकाशित हुने हुँदा प्रकाशित भर्ना कार्यक्रमको तालिका भित्र नाम प्रकाशित भएर पनि भर्ना नभएको खण्डमा अन्य सूचीमा जान पाइने छैन । अन्य व्यवस्था इ.अ.सं. स्नातक बी.इ./ बी.आर्क तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्वन्धी जानकारी तथा निर्देशिका २०७८ र इ.अ.सं. केन्द्रिय भर्ना अनुगमन समिति २०७८ भर्ना सञ्चालन कार्यविधि बमोजिम हुनेछ ।

आवेदन बापतको शुल्क निम्न अनुसार हुनेछ :

| विवरण | रकम |
|---|---|
| कुनै एक प्राथमिकताको लागि | रु. ४००।– (अक्षरुपी चार सय मात्र) |
| थप प्राथमिकताको लागि | रु. ३००।– (अक्षरुपी तीन सय मात्र) |
| झुकाव परीक्षाको लागि | रु. ३००।– (अक्षरुपी तीन सय मात्र) |

खातावालाको नाम : चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर, चितवन
बैंकको नाम : नेपाल बैंक लिमिटेड, रामपुर शाखा, चितवन
बैंक खाता नं. : ०८५००१०६७२३२८००००००४

संयोजक
शिवराज मरह्वा
भर्ना समिति – २०७८

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान

# चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर

## भर्ना सूची : कार्यक्रम तथा समय तालिका

मिति : २०७९।०१।१४

| सि.नं. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| | **दशौं भर्ना सूची : कार्यक्रम र समय तालिका** | |
| १ | दशौं, एघारौं र बाह्रौं भर्ना सूची (10th , 11th & 12th Admission List) सम्मको आवेदन यस क्याम्पसको Portal : **www.ioecc.edu.np** बाट भर्ने र आवेदन दस्तुर बुझाएको बैंक भौचर क्याम्पसको Email : **admission@ioecc.edu.np** मा अनिवार्य पठाउने । | २०७९/०१/१५ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म । |
| २ | आवेदकहरुको नामावली प्रकाशन गर्ने | २०७९/०१/१५ गते बेलुका ५:०० बजेसम्म । |
| ३ | बी.आर्क झुकाव परीक्षा लिने | २०७९/०१/१६ गते बिहान ७:३० बजेदेखि । |
| ४ | बी.आर्क झुकाव परीक्षा नतिजा प्रकाशन गर्ने | २०७९/०१/१६ गते बिहान ९:०० बजेसम्म । |
| ५ | आवेदन सूची सहित दशौं भर्ना सूची प्रकाशन | २०७९/०१/१६ गते बिहान १० :०० बजेसम्म । |
| ६ | दशौं भर्ना सूची उपर दाबि विरोध गर्ने | २०७९/०१/१६ गते बिहान ११:०० बजेदेखि १:०० बजेसम्म । |
| ७ | दाबि विरोध पश्चातको संसोधित भर्ना सूची | २०७९/०१/१६ गते दिउँसो ५:०० बजेसम्म । |
| ८ | दशौं सूचीबाट विद्यार्थी भर्ना गर्ने | २०७९/०१/१९ गते बिहान १०:०० बजेदेखि साँझ ४:०० बजेसम्म । |
| | **एघारौं भर्ना सूची : कार्यक्रम र समय तालिका** | |
| ९ | एघारौं भर्ना सूची प्रकाशन गर्ने । | २०७९/१/२० गते बिहान १०:३० बजेसम्म । |
| १० | एघारौं भर्ना सूची उपर दाबि विरोध गर्ने । | २०७९/१/२० गते बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म । |
| ११ | दाबि विरोध पश्चातको संसोधित एघारौं भर्ना सूची प्रकाशन गर्ने । | २०७९/१/२० गते साँझ ५:०० बजेसम्म । |
| १२ | एघारौं भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७९/१/२१ गते बिहान १०:०० बजेदेखि साँझ ४:०० बजेसम्म । |
| | **बाह्रौं भर्ना सूची : कार्यक्रम र समय तालिका** | |
| १३ | बाह्रौं भर्ना सूची प्रकाशन गर्ने । | २०७९/१/२२ गते बिहान १०:३० बजेसम्म । |
| १४ | बाह्रौं भर्ना सूची उपर दाबि विरोध गर्ने । | २०७९/१/२२ गते बिहान ११:०० बजेदेखि दिउँसो ०२:०० बजेसम्म । |
| १५ | दावि विरोध पश्चातको संसोधित बाह्रौं भर्ना सूची प्रकाशन गर्ने । | २०७९/१/२२ गते साँझ ०५:०० बजेसम्म । |
| १६ | बाह्रौं भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७९/०१/२३ गते बिहान ११:०० बजेदेखि साँझ ४:०० बजेसम्म । |

द्रष्टव्य : एघारौं भर्ना पश्चात स्थान रिक्त रहन गएमा रिक्त स्थानको सूचना पछि प्रकाशित गरी पून : आवेदनद्धारा भर्ना लक्ष्य पुरा गरिनेछ । साथै उपरोक्त दिनहरुमा सार्वजनिक बिदा वा आकस्मिक बिदा परेमा समेत सम्पूर्ण भर्ना कार्यक्रम यथावत सञ्चालन हुने व्यहोरा जानकारी गराइन्छ र शैक्षिक सत्र २०७८/०७९ स्नातक (बी.आर्क) कार्यक्रममा भर्ना हुनको लागि इ.अ.सं. का जुनसुकै आंगिक क्याम्पसहरुबाट झुकाव परीक्षा उत्तिर्ण भएको आवेदकहरुलाई यस क्याम्पसमा भर्ना हुन योग्य मानिनेछ ।